रौतहट जिल्लाको चन्द्रनिगाहापुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक उन्नत बाखापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फाल्गुण १५ गतेदेखि १७ गतेसम्म रौतहट जिल्लाको चन्द्रनिगाहापुरमा **"व्यवसायिक उन्नत बाखापालन तालिम"** सम्पन्न गरेको संस्थाका चन्द्रनिगाहापुर शाखा कार्यालयका शाखा प्रमुख सुर्य बहादुर बस्नेतले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु बरिष्ठ पशु चिकित्सक श्री पुष्पेन्द्र साह, पशु चिकित्सक श्री दुर्गा प्रसाद चिमोरिया, कार्यक्रम अधिकृत श्री राधेश्याम साहनी र शाखा प्रमुख श्री सुर्य बहादुर बस्नेत रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत राधेश्याम साहनी ले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको चन्द्रनिगाहापुर शाखा कार्यालयका प्रमुख सुर्य बहादुर बस्नेतले प्रकाश पारेका थिए ।

बाखापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाखामा भिन्नता, बाखापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाखाहरुको जातिय परिचय, बाखापालन विधि, उमेर अनुसार पाठापाठी, बाखा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग

गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी,



थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाख्राको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाख्रापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बाख्रापालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको चन्द्रनिगाहापुर शाखाका शाखा प्रमुख सुर्य बहादुर बस्नेतले बताए ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ पौष मसान्तसम्ममा ३ लाख ३८ हजार २ सय घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६८ करोड बचत ७४ लाख परिचालन गरेको छ ।

बाखापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका चन्द्रनिगाहापुर शाखाका शाखा प्रमुख श्री सुर्य बहादुर बस्नेतले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री सावित्रा थापा , सहभागी श्री पवित्रा मोहन श्रेष्ठ , श्री टिका बि.क. श्री शुशिला देवीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा उन्नत बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए। बाखापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत राधेश्याम साहनी ले जानकारी गराएका थिए । तालिमको संचालन चन्द्रनिगाहापुर शाखाका सुर्य बहादुर बस्नेतले गरेका थिए ।

